# गुर्भाकोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गुर्भाकोट, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल

☏९८५८०६५१११


प.सं. : २०८०/०८१
च. नं. :

## प्राविधिक सहायक करारमा पदपूर्ति सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः२०८०/०४/०९**

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) बाट स्वीकृत स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम यस कार्यालयमा रिक्त रहेको प्राविधिक सहायक पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भित्र माग भए बमोजिम विवरण र तोकेको राजस्व बुझाएको रसिद सहित यस नगरपालिकामा निवेदन पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०८०/८१ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण वा सो सरह उत्तीर्ण गरेको ।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

ग) आधारभूत कम्प्युटर सिप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको ।

घ) पूर्वाधारको निर्माण र मर्मत स्तरोन्नतिका लागि आयोजनाको लागत अनुमान सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्ने टोलिमा काम गरेको अनुभव र उत्कृष्ट पारस्पारिक सम्बन्ध सम्बन्धी सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएकोलाई ग्राहयता दिईनेछ ।

**२. दरखास्त दिने स्थान** :- गुर्भाकोट नगरपालिका, शुभाघाट, सुर्खेत ।

**३. दरखास्त दिने अन्तिम मिति** :- २०८०/०४/२३ गते सम्म ( अन्तिम दिन सार्वजनिक बिदा परेमा दोस्रो दिन )

**४. आवेदन दस्तुर** : रु ५०० । ( पाँच सय मात्र )

**५. छनौटको किसिम** : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित तथा प्रयोगात्मक परिक्षा र अन्तरवार्ता ।

**६. आवेदन साथ् संलग्न कागजातहरु** : आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु ।

क) नागरिकता
ख) न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
ग) चारित्रिक प्रमाण पत्र
घ) कामसँग सम्बन्धित भए सोको कागजात
ङ) तालिमको प्रमाणपत्र
च) २ प्रति पासपोर्ट साइज फोटो

**७. सेवा सुबिधा तथा अन्य** : रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड , २०७८ बमोजिम हुनेछ ।

**८. आवेदनको फारम र रप्राविधिक सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी तथा** www.pmep.gov.np गुर्भाकोट नगरकार्यपालिकाको कार्यालय, शुभाघाट, सुर्खेतबाट प्राप्त गर्न सकिने छ ।

२०८०/०४/०९



CamScanner